## विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय विराटनगर महानगरपालिका विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

बैठक संख्याः ८८
मितिः २०७७/१२/३०

बैठक प्रारम्भः दिउँसो ३:०० बजे
बैठक स्थगनः साँझ ५:०० बजे

नेपालको संविधानको धारा २१६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | का.वा.सदस्य | श्री विजय दाहाल | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सचिव | श्री उमेश बस्नेत | |
| ३० | आमन्त्रित सहयोगी | श्री अर्जुन थपलिया | |
| ३१ | आमन्त्रित सहयोगी | श्री केवल पोखरेल | |
| ३२ | आमन्त्रित सहयोगी | श्री धिरज राई | |

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७७/१२/३० गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) सम्बन्धमा। | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व.२०७६/०७७ मा गरेको कार्य प्रक्रिया र उपलब्धिहरूको बारेमा स्वमूल्याङ्कन गरी प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको प्रारम्भिक एकिकृत नतिजा उपर बैठकमा छलफल र विश्लेषण गरेर सम्बन्धित विषयक्षेत्रको यथार्थ अङ्कभार निर्धारण गरी स्वमूल्याङ्कनको अन्तिम नतिजा (कुल प्राप्ताङ्क ७२.७५ प्रतिशत) सर्वसम्मतिले अनुमोदन गरियो। |
| २ | विविध। | (क) विराटनगर महानगरपालिका वडा नं. ३ स्थित मानगढ मार्ग र वडा नं. ८ स्थित छाया मार्ग मर्मत कार्यको लागि सडक बोर्ड, नेपाललाई अनुरोध गर्ने मिति २०७७/११/२८ को विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गरियो।<br>(ख) महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न साझेदार संस्थाको रुपमा कार्य गरिरहेको वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि. र जेभीको ५ वर्षे कार्यावधि आगामि २०७८ बैशाख मसान्तबाट समाप्त हुने हुँदा सार्वजनिक निजि साझेदारी अवधारणा बमोजिम तीन वटा क्षेत्र (उत्तरी क्षेत्र - वडा नं. १,२,३,४,५,१९, मध्ये क्षेत्र - वडा नं. ६,७,८,९,१०,११ र दक्षिण क्षेत्र - १२,१३,१४,१५, १६,१७,१८) छुट्याई प्रत्येक क्षेत्रको लागि छुट्टाछुट्टै प्रस्तावदाताहरूसँग नगरक्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई वर्गीकरण, सङ्कलन, प्रशोधन समेत गर्नेगरी आगामि ५ वर्षका लागि व्यवस्थापनको प्रक्रियालाई अगाडि बढाउन १५ दिने आसयपत्र आह्वान गर्ने मिति २०७७/१२/२५ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो।<br>(ग) विराटनगर महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वरबीच विराटनगर महानगरपालिका वडा नं. ७ स्थित शहीद रङ्गशाला, मैदान सहित खेल पूर्वाधार सञ्चालन एवं व्यवस्थापन गर्न मिति २०७७ चैत्र २६ गते भएको दुई पक्षीय सम्झौतालाई सर्वसम्मतिले अनुमोदन गरियो।<br>(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज)(१५) मा गाउँपालिका/नगरपालिकाको अधिकार अन्तर्गत विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापनको प्रावधान रहेको हुँदा आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) सञ्चालन चालु शैक्षिक सत्र २०७७ देखि महानगरपालिकाका सबै विद्यालयहरूको कक्षा ५ को नगरस्तरीय वार्षिक परीक्षा सँगै सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ङ) चालु आ.व.मा संघीय र प्रदेश सरकारबाट प्राप्त योजना/कार्यक्रमहरू सञ्चालनका लागि कार्यविधिले नतोकिएको हकमा लागत जनसहभागिता न्यूनतम १० प्रतिशत कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, सामुदायिक विद्यालय, परम्परागत धार्मिक विद्यालय (मदरसा, गुरुकुल लगायत) र मठ-मन्दिरलगायतका धार्मिक |

| | | |
|---|---|---|
| | | स्थलहरूमा योजना सञ्चालनका लागि लागत जनसहभागिता अनिवार्य नगर्ने निर्णय गरियो।<br>(च) गत आ.व.मा कार्य सम्पन्न हुन नसकी यस आ.व.मा दायित्व सरी आएका योजना/कार्यक्रमहरूको कार्य सम्पन्न गरिसक्नुपर्ने म्याद २०७८ जेठ १५ सम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(छ) प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि वडा नं. ६ अन्तर्गत देहाय बमोजिमका योजना/कार्यक्रमहरू थप गरी सञ्चालन गर्ने निर्णय गरियो।<br>१) ६ नं. वडा कार्यालय प्राङ्गणमा फलफूल बगैंचा निर्माण<br>२) लालीगुँरास टोलदेखि मङ्गलुबाबा टोलसम्म कच्ची सडक निर्माण<br>३) वडाभित्र रहेका सडकको किनारामा नाला निर्माण तथा मर्मत सम्भार<br>४) वडाभित्र रहेका पक्की नालाहरूको सरसफाई तथा मर्मत सम्भार<br>५) केशलिया नदीको सरसफाई साथै किनाराहरूमा वृक्षारोपण<br>६) वडाभित्र रहेको विभिन्न पक्की सडकहरूको निर्माण तथा मर्मत सम्भार<br>७) वडाभित्रमा रहेको सामुदायिक विद्यालयहरूमा वृक्षारोपण<br>(ज) नयाँ वर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरूमा सुस्वास्थ्य, सुख, शान्ति तथा सम्वृद्धिको शुभकामना प्रदान गर्ने निर्णय गरियो। |